पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

## भाग १

वर्ष : ३ खण्ड : ३६ प्रमाणित मिति २०७६ माघ १० गते

### सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ (पहिलो संशोधन) २०७६

**प्रस्तावनाः** सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७४लाई संशोधन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम पोखरा महानगरपालिकाको छैठौं नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यस ऐनको नाम "सार्वजनिक निजी साझेदारी सम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७४ (पहिलो संशोधन), २०७६" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको दफा २ मा संशोधनः** सार्वजनिक निजी साझेदारी ऐन, २०७४ (यसपछि मूल ऐन भनिएको) को खण्ड (ख),(च),(ढ),),(द),(थ) र (ध) को सट्टामा देहायको खण्ड (ख), (च),(ढ),(द),(थ) र (ध) राखिएको छः

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले आयोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त निजी निकाय सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले पोखरा महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ढ) "सर्वेक्षण" भन्नाले आयोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्यलाई सम्झनु पर्छ ।

(थ) ‘‘सार्वजनिक निजी साझेदारी’’ भन्नाले सम्बन्धित सार्वजनिक निकाय र लगानीकर्ताबीच स्रोत वा प्रतिफल बाँडफाँट तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, संचालन, पुर्नस्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न दफा ४ मा उल्लेख भएमध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ ।

(द) "स्थानीय सरकार" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्छ ।

(ध)"आव्हान नगरिएको प्रस्ताव" भन्नाले सम्बन्धित निकायले सार्वजनिक सूचना जारी नगरेको अवस्थामा लगानीकर्ता स्वयंले कुनै आयोजना विकास गर्ने

उद्धेश्यले आशय प्रकट गरी पेश गरेको प्रस्ताव सम्झनु पर्छ ।

३. **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ को सट्टामा देहायको दफा ४ राखिएको छ:

४. **सार्वजनिक निजी साझेदारीका ढाँचाहरुः** १) सार्वजनिक निजी साझेदारीबाट आयोजना कार्यान्वयन गर्दा देहायका कुनै तरिका अपनाउन सकिनेछ :

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, संञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) व्यवस्थापन, सञ्चालन तथा हस्तान्तरण,

(झ) पुनर्स्थापना, सञ्चालन तथा हस्तान्तरण,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि पुनर्स्थापना भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुननिर्माण गरी पुनर्स्थापना गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) यस्तै अन्य करारका स्वरुप,

४ (२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्दा कुनै आयोजनाको निर्माण, सञ्चालन, पुर्नस्थापना, मर्मतसम्भार तथा विस्तारमध्ये कुनै एक वा एकभन्दा बढी चरणमा आयोजना कार्यान्वयन गर्न सकिनेछ ।

४. **मूल ऐनको दफा ८ मा संशोधनः**

मूल ऐनको दफा ८ को सट्टामा देहायको दफा ८ राखिएको छ:

यस ऐन बमोजिम हुनेःयस ऐनमा लेखिएको कुरामा यस ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ। यस ऐन अन्तर्गतको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट, अनुगमन तथा कार्यान्वयन यस ऐनको व्यवस्था बमोजिम गरिनेछ ।

५. **मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० को उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ :

**सार्वजनिक निजी साझेदारी समितिः**

१) यस ऐन बमोजिमको आयोजना कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको एक सार्वजनिक निजी साझेदारी समिति रहनेछः

(क) प्रमुख — अध्यक्ष

(ख) उप-प्रमुख — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) योजना महाशाखाको प्रमुख — सदस्य

(ङ) आर्थिक प्रशासन महाशाखाको प्रमुख — सदस्य

(च) सार्वजनिक निजी साझेदारी फोकल व्यक्ति — सदस्य

(छ) अर्थशास्त्र, वाणिज्य, इन्जिनियरिङ्ग वा कानुन विषयमा स्नातक गरी सार्वजनिक निजी साझेदारी आयोजनामा कार्य गरेको अनुभवप्राप्त व्यक्तिहरुमध्येबाट सानिसा समितिले दुई वर्षका लागि मनोनित गरेको एक जना विज्ञ — सदस्य

ज) उद्योग तथा वाणिज्य सम्बन्धी संघसंस्थाका प्रतिनिधिहरुबाट सानिसा समितिले दुई वर्षका लागि मनोनित गरेको दुई जना सदस्य

झ) समितिको सदस्य सचिव सार्वजनिक निजी साझेदारीसमितिले तोके वमोजिम हुनेछ ।

६. **मूल ऐनको दफा १४ मा संशोधनः** मूल ऐनको दफा १४ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छः

(२ उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गरिने आयोजनाहरुकोप्राथमिकताक्षेत्र कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

७. **मूल ऐनको दफा १६ मा संशोधनः** मूल ऐनको दफा १६ को उपदफा (१) र (२) को सट्टामा देहायको उपदफा (१) र उपदफा (२) राखिएको छः

१६. **खरिद प्रक्रियाका चरणहरुः** (१) यस ऐन बमोजिम पहिचान र स्वीकृति भएका आयोजनाहरुको खरिद प्रक्रिया सामान्यतया देहाय बमोजिम हुनेछः

(क) मनसायपत्र आव्हान गर्ने,

(ख) संक्षिप्त सूची तयार गर्ने,

(ग) प्रस्ताव माग गर्ने,

(घ) प्रस्तावको मुल्यांकन गरी छनोट गर्ने,

(ङ.) प्रस्ताव स्वीकृत गर्ने,

(च) छनोट भएका प्रस्तावकसँग आयोजना संझौता गर्ने,

(छ) आव्हान नगरिएका प्रस्ताव कार्यान्वयन गर्न तोकिए बमोजिम अनुमति प्रदान गर्ने,

(ज) वार्ताद्वारा तोकिए बमोजिम आयोजना अनुमति प्रदान गर्ने ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि दश करोड रुपैयाँभन्दा कम अनुमानित लागत भएका आयोजनाहरुको हकमा तोकिए बमोजिम सोझै प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा एकै चरणमा माग गर्न सकिनेछ ।

८. **मूल ऐनको दफा १७ मा संशोधनः** मूल ऐनको दफा १७ को उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छः

(१) सानिसा इकाईले दफा १५ बमोजिम स्वीकृत आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ ।

९. **मूल ऐनको दफा २१ मा संशोधनः** मूल ऐनको दफा २१ को उपदफा (१) र (२) को सट्टामा देहायको उपदफा (१) र (२) राखिएको छः

२१(१)सानिसा इकाईलेप्राप्त प्रस्तावहरुको मुल्यांकन गर्न प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिन भित्र मुल्यांकन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले प्रस्ताव प्राप्त भएको मितिले तीस दिनभित्र सम्पूर्ण प्रस्तावहरुको देहायका आधारमा मूल्याङ्कन गर्नुपर्नेछ :

(क) प्रस्तावकको प्राविधिक क्षमता र आर्थिक हैसियत,

(ख) तोकिएको समयमा काम सम्पन्न गर्ने आधारसहितको प्राविधिक प्रस्ताव,

(ग) आयोजनाको प्रकृतिअनुसार सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी रकम,

(घ) आयोजना कार्यान्वयन गर्दा उपभोक्तासँग कुनै शुल्क लिने भए त्यस्तो प्रस्तावित शुल्क,

(ङ) प्रस्तावित सेवाका स्तर,

(च) नवीनतम वा उन्नत प्रविधिको प्रयोग,

(छ) तोकिए बमोजिमका अन्य विवरण ।

१०. **मूल ऐनको दफा २२ मा संशोधनः** मूल ऐनको दफा २२ को उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ :

(१) सानिसा इकाईले दफा २१ बमोजिमको मूल्यांकन प्रतिवेदनका आधारमा प्रस्ताव प्राप्त भएको मितिले पैतालीस दिनभित्र प्रस्ताव छनौट गर्नेछ ।

११. **मूल ऐनको दफा २३ मा संशोधनः** मूल ऐनको दफा २३ को उपदफा (१) को खण्ड (ख) र (ङ),(४) र (५) को सट्टामा देहायको उपदफा (१) को खण्ड (ख) र (ङ), (४) र (५) राखिएको छ :

(१) (ख) आयोजनाको प्रकृति वा लागतका कारण आर्थिक वा प्राविधिक कारणले प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएकावा

(ङ) यस ऐन बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको आयोजना ।

(४) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदनको विस्तृत मूल्याङ्कन गर्दा वार्ताद्वारा सो आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा समितिले निवेदकसँग वार्ता गरी कार्यान्वयन गराउनेछ ।

(५) यस दफा बमोजिम वार्ताद्वारा आयोजना कार्यान्वयन गर्दा सानिसा समितिले निवेदकसँग दफा २५ बमोजिमको विवरण माग गर्न सक्नेछ ।

१२. **मूल ऐनको दफा २४ मा संशोधनः** मूल ऐनको दफा २४ को सट्टामा देहायको दफा २४ राखिएको छ :

समझदारीपत्र गर्न सक्ने : दफा २२ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा २३ को उपदफा (५) बमोजिम माग गरिएको विवरणका आधारमा

आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा इकाईले प्रस्तावकसँग आयोजनाको कार्यान्वयन गर्नको लागि दफा २९ बमोजिम सम्झौता गर्न सक्नेछ ।

तर विस्तृत आयोजना विवरण तयार नभएको आयोजनाको हकमा भने त्यस्तो आयोजनाको प्रकृति हेरी सानिसा इकाईले प्रस्तावकसँग प्रारम्भिक आयोजना सम्झौता गर्न सक्नेछ ।

१३. **मूल ऐनको दफा २७मा संशोधनः** मूल ऐनको दफा २७ को उपदफा (१) पछि देहायको उपदफा (२), (३) र (४) थप गरिएको छ :

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम विस्तृत अध्ययन गरिएको कुनै आयोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराइएको अवस्थामायस उपदफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो आयोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यहोरिने रकमको निर्धारण स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराइनेछ ।

(४) यस दफा बमोजिम आयोजनाको सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनको आधारमा त्यस्तो परियोजना यस ऐन वमोजिम कार्यान्वयन गरिनेछ ।

१४. **मूल ऐनको दफा २८मा संशोधनः** मूल ऐनको दफा २८ को सट्टामा देहायको दफा २८ राखिएको छ :

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावक स्वयंले सार्वजनिक निजी साझेदारीको माध्यमबाट आयोजना कार्यान्वयन गर्नको लागि सोझै प्राप्त भएका प्रस्तावलाई सानिसा समितिमा तोकिए बमोजिमको ढाँचामा प्रस्ताव पेश गरी लाग्ने दस्तुर तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा देहायका विषयहरू उल्लेख गर्नु

पर्नेछः

(क) आयोजनाको विवरण,

(ख) प्रस्तावको प्राविधिक तथा वित्तीय क्षमता सहितको पार्श्वचित्र (प्रोफाइल) विवरण,

(ग) आयोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन भए त्यस्तो प्रतिवेदन,

(घ) प्रस्तावित व्यावसायिक योजना,

(ङ) आयोजनामा प्रयोग हुने प्रविधि,

(च) आयोजनाबाट प्राप्त हुने सम्भावित लाभको विवरण,

(३) उपदफा (१) बमोजिम प्रस्ताव दफा २१ को उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिको सिफारिसको आधारमा सो आयोजनाको अध्ययन तथा सर्वेक्षण अनुमति वा आयोजना विकास वा सञ्चालनको लागि तोकिएको प्रक्रिया पूरा गरी तोकिए वमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको आयोजना प्रस्तावलाई मूल्याङ्कन गर्दा सार्वजनिक निजी साझेदारीमा निर्माण हुने आयोजना प्रतिस्पर्धाको आधारमा अगाडी बढाउँदा लाभदायी हुने देखिएमा सोही प्रस्तावलाई स्वीस च्यालेन्जका आधारमा तोकेको प्रक्रिया वमोजिम प्रतिस्पर्धा गराउन सकिने छ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि स्वीस च्यालेन्ज भन्नाले सम्बन्धित निकायले कुनै सेवा, क्षेत्र वा सडक, रेल जस्ता सार्वजनिक आयोजनाका लागि आव्हान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्तावभन्दा राम्रो प्रस्ताव प्राप्त हुनसक्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा प्रकृयाबाट तेस्रो पक्षलाई समेत आव्हान गरी वा सार्वजनिक गरी मूल्याङ्कन गरिने विधि सम्झनु पर्छ ।

(५) उपदफा (१) वमोजिमका प्रस्ताव उपर वार्ता गर्दा प्रस्तावक बाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएका्मा स्वीकृत भएको

प्रस्तावकर्ताबाटआयोजना प्रारम्भिक खर्च र अध्ययन तथा विकाससम्बन्धि कुनै खर्च भएको अवस्थामा सो समेत तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ ।

(६) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय जनसमुदायका स्थानीय आवश्यकताहरुलाई पूर्ति गर्नका लागि आयोजनाको अनुमानित लागत पाँच करोड रुपैयाँ भन्दा बढी नभएमा सानिसा समितिले सोझै वार्ताको माध्यमद्वारा सम्बन्धित स्थानीय सामूदायिक संस्थालाई त्यस्तो आयोजना कार्यान्वयन गर्न अनुमति दिन सक्नेछ ।

१५. **मूल ऐनको दफा २९ मा संशोधनः** मूल ऐनको दफा २९ को उपदफा (३) को सट्टामा देहायको उपदफा (३) राखिएको छ :

(३) प्रस्तावकले दफा २५ को उपदफा (१) बमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेश गर्नुपर्नेछ । सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग भएको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

१६. **मूल ऐनको दफा ३० मा संशोधनः** मूल ऐनको दफा ३० को खण्ड (ब) पछि देहायको खण्ड (भ), (म), (य), (र), (ल) तथा दफा ३०क., ३०ख. तथा ३० ग. थप गरिएको छः

(भ) जग्गा प्राप्ति सम्बन्धी व्यवस्था,

(म) थप आयोजना अध्ययन तथा सञ्चालन गर्न दिने भए सो सम्बन्धी व्यवस्था,

(य) सवलिज गर्न सक्ने भए सो सम्बन्धी शर्त तथा अन्य व्यवस्था,

(र) आयोजना हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(व) विवाद समाधान सम्बन्धी व्यवस्था,

३० क. सम्झौता कार्यान्वयनः (१) दफा २९ बमोजिम सम्पन्न भएको सम्झौता कार्यान्वयनको लागि सम्बन्धित निकायबाट सम्झौताको शर्त बमोजिम पूरा गर्नुपर्ने इजाजत, स्वीकृति लगायतका सम्पूर्ण दायित्व लगानीकर्ताले वहन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता कार्यान्वयन गर्दा सरोकारवाला निकायहरुसँग सानिसा इकाईले आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्ने गराउनेछ रत्यस्तो सम्झौतामा उल्लिखित शर्तहरुको पालना गर्नु सम्बन्धित सरोकारवाला निकायको कर्तव्य हुनेछ ।

(३) यस दफा बमोजिम सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा प्रस्तावकले सम्झौताका शर्तहरुको अधीनमा रही कार्ययोजना निर्माण गरी आयोजना कार्यान्वयन गर्नु पर्नेछ ।

३० ख. सम्झौता रद्द गर्न सकिनेः (१) दफा ३०क.बमोजिम गरिएको सम्झौतामा उल्लिखित शर्तहरुको पालना नगरेको अवस्थामा वा तोकिएको समयमा कार्यसम्पादन नगरेमा लगानीकर्तालाई यस ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्बन्धित निकायले खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज भएमा प्रस्तावकले सम्झौतामा उल्लेख भएको अवस्थामा बाहेक सम्बन्धित निकायसँग कुनै किसिमको हानि नोक्सानी वापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम लगानीकर्तासँग भएको सम्झौता खारेज गर्दा सो सम्झौतामा उल्लेख गरिएको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

३० ग. आयोजनामा भएको लगानीको सुरक्षा र संरक्षणः(१) यस ऐन अन्र्तगत अनुमतिप्राप्त आयोजनालाई सार्वजनिक प्रयोजनको लागि बाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अधिग्रहण गरिने छैन ।सार्वजनिक प्रयोजनको लागि अधिग्रहण गर्नु पर्दा प्रचलित कानून बमोजिमको उचित प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(२) यस ऐन अन्तर्गत कार्यान्वयन भएको आयोजनाको संम्झौता बमोजिम हुनेगरी अन्य स्वदेशी उद्योग सरहको समान व्यवहार गरिनेछ । तर संघीय कानून बमोजिम राष्ट्रिय व्यवहार लागू नहुने विषयको हकमा सोही बमोजिम हुनेछ ।

१७. **मूल ऐनको दफा ३३ मा संशोधनः** मूल ऐनको दफा ३३ को सट्टामा देहायको दफा ३३ राखिएको छः दफा २९बमोजिम सम्झौता गरेपछि

सानिसा इकाईले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

१८. **मूल ऐनको दफा ३९ मा संशोधनः** मूल ऐनको दफा ३९ को सट्टामा देहायको दफा ३९ राखिएको छः

३९. स्थानीय सरकारको स्वामित्व हुनेः यस ऐन बमोजिम हस्तान्तरण भएको आयोजना र त्यस्तो आयोजनामा जडित मेशिन, उपकरण र अन्य संरचना तथा आयोजनासँग सम्बन्धित भवन, घर तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरुको स्वामित्व स्थानीय सरकारको हुनेछ ।

१९. **मूल ऐनको दफा ५७ मा संशोधनः** मूल ऐनको दफा ५७ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छ :

(२) यस दफा बमोजिम आपसी समझदारीमा विवाद उत्पन्न भई तीस दिनसम्म पनि विवाद समाधान नभएमा त्यस्तो विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ ।

२०. **मूल ऐनको दफा ५८ मा संशोधनः** मूल ऐनको दफा ५८ को सट्टामा देहायको दफा ५८ राखिएको छ :

(१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा ऐन अर्न्तगत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानी नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी वापतको मनासिब माफिकको रकम नोक्सानी गर्ने पक्षले अर्को पक्षलाई तीस (३०) दिन भित्र क्षतिपूर्ति वापत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) प्रयोजनको लागि क्षतिको मुल्यांकनस्वतन्त्रमुल्यांकनकर्ताबाट गराउन सकिनेछ ।

(३) क्षतिको मुल्यांकन तथा क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **मूल ऐनमा दफा ६७ थपः** मूल ऐनमादेहायको दफा ६७ थप गरिएको छः

६७. म्याद थप गर्न सक्नेः मनसायपत्र आव्हान गर्ने, संक्षिप्त सूची तयार गर्ने, प्रस्ताव आव्हान गर्ने, प्रस्ताव मूल्यांकन गर्ने लगायतका आयोजनाको खरिद प्रक्रिया सम्बन्धमा ऐनमा तोकिएको म्याद कुनै खास आयोजनाको हकमा थप गर्न आवश्यक वा उपयुक्त भएमा सो सम्बन्धमा आधार र कारण खुलाई सानिसा समितिले निर्णय गरी म्याद थप गर्न सक्नेछ ।

२२. **मूल ऐनमा दफा ६८ थपः** मूल ऐनमा देहायको दफा ६८ थप गरिएको छः

यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत